ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख

कर्णाली प्रदेश ,नेपाल

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २ | (सँख्या ४ ) | साउन, ०६ गते २०७६ साल |

भाग २

ठाटीकाँध गाउँपालिकाको गाउँ सभाले मिति: २०७६।०३।३० गते स्वीकृत भएको देहाय बँमोजिमको कार्यविधि कानून स्थानीय सरकार संचालन ऐन, २०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ।

## ठाटीकाँध गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधि, २०७६

प्रस्तावना:

ठटीकाँध गाउपालिका र अन्तरगत सँस्थाहरुद्वारा सँचालिलएम्बुलेन्स सेवालाई सरल भरपर्दो र व्यवस्थितगर्न तथा एम्बुलेन्स सेवामा विरामीहरुको पहुँचबढाई सेवाको गुणस्तर वृद्धिगर्न बान्छनीय भएकोले स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ११ को उपदफ ७ ले दिएको अधिकार प्रयोगगरी कार्यपालिकाले यो “ठाटीकाँध गाउपालिकाको एम्बुलेन्स सँचालनकार्यविधि २०७६”जारी गरेकोछ।

१) सँछिप्तनाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम“ठाटीकाँध गाउपालिकाको एम्बुलेन्स सँचालनकार्यविधि २०७५” रहेको छ।

(२) यो कार्यविधि तुरुन्तप्रारम्भ हुने छ।

२) परिभाष : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क)“गाउपालिका”भन्नाले ठाटीकाँध गाउपालिका सम्झनु पर्छ।

ख)“अध्यक्ष”भन्नाले ठाटीकाँध गाउपालिकाको अध्यक्ष सम्झनु पर्छ।

ग) “उपाध्यक्ष” भन्नाले ठाटीकाँध गाउपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

घ)“प्रमुखप्रशासकीयअधिकृत ”भन्नाले ठाटीकाँध गाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृत सम्झनु पर्छ।

घ)“एम्बलेन्स ”भन्नाले ठाटीकाँध गाउँपालिकाद्वारा सँचालितविरामीओसार्ने स्वीकृतिप्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समाजडितउपकरण ,चालक र परिचालक समेतलाई जनाउदछ।

ङ)“एम्बुलेन्स जनशक्ति”भन्नाले ठाटीकाँध गाउपालिकाको एम्बुलेन्स स्थत रहने स्वास्थ्यकर्मी ,

चालक र परिचालक सम्झनु पर्छ ।

च)“चालक”भन्नाले ठाटीकाँध गाउँपालिकाको एम्बुलेन्स चलाउननियूक्तचालक सम्झनु पर्छ ।

छ) स्वास्थ्यकर्मी भन्नाले ठाटीकाँध गाउपालिकाको एम्बुलेन्समानियूक्त अ.हे.व.। अ.न.मी सम्झनुपर्छ ।

ज) “परिचालक”भन्नाले ठाटीकाँध गाउपालिकाको एम्बुलेन्समा चालक तथा विरामीका सहयोगकोलागि नियूक्त एम्बुलेन्स सहयोगीसम्झनु पर्छ ।

झ) “जिल्लाप्रशासनकार्यालय”भन्नाले जिल्लाप्रशासनकार्यालय दैलेख सम्झनु पर्छ ।

ञ)“जिल्ला स्वास्थ्यकार्यालय ”भन्नाले जिल्ला स्वास्थ्यकार्यालय दैलेख सम्झनु पर्छ ।

ट) “एम्बुलेन्स सेवा सँचालननिर्देशिका”भन्नाले एम्बुलेन्स सेवा सँचालननिर्देशिका २०७३ सम्झनु पर्छ ।

ठ) “गाउँपालिका एम्बुलेन्स सेवा सँचालक समिति”भन्नाले दफा३मागठनभएको गाउँपालिका एम्बुलेन्स सेवा सँचालक समिति सम्झनु पर्छ ।

ड) “भाडा दर” भन्नाले गाउँपालिका सभाद्धारा स्वीकृत एम्बुलेन्स  भाडा दर सम्झनु पर्छ ।

ढ) “वडा ” भन्नाले ठाटीकाँध गाउँपालिकाका वडाहरु सम्झनुपर्छ ।

ण) “गरिव,  असाहाय, अशक्त, अपाङ्ग”भन्नाले गरिव,  असाहाय, अशक्त, अपाङ्गभएको परिचयपत्रव्यक्ति सम्झनु पर्छ ।

३) गाउँपालिका एम्बुलेन्स सँचालक समिति : (१)एम्बुलेन्स सम्बन्धि नीतिगत व्यवस्था गर्नकालागि ठाटीकाँध गाउपालिकाको देहायका सँयोजक र सदस्य रहेको नगर एम्बुलेन्स सँचालक समिति रहने छ ।

क) प्रमुखप्रशासकीयअधिकृत - सँयोजक ।

ख) इलाकाप्रशासनकार्यालयकाप्रतिनिधि-सदस्य ।

ग) गाउँपालिका प्रहरी चौकीप्रमुख - सदस्य ।

घ) गाउँपालिका रेडक्रस सोसाईटीप्रतिनिधि सदस्य ।

ङ) उधोग वाणिज्य सँधप्रतिनिधि सदस्य ।

च)गाउँपालिका स्वास्थ्यचौकीप्रमुखसबै सदस्य ।

छ) गाउँपालिका स्वास्थ्यशाखाप्रमुख सदस्य सचिब ।

२) उपदफा (१) बँमोजिमको समितिको काम ,कर्तव्य र अधिकार देहायबँमोजिमहुनेछ ।

(क) एम्बुलेन्स सम्बन्धिनीतिगत सुधारकोलागिअध्ययनगरी कार्यपालिकालाई सुझाब पेश गर्ने ।

(ख) एम्बुलेन्स सेवा सँचालनकोलागिकार्य गर्ने ।

(ग) एम्बुलेन्स जनशक्तिपदपूर्तिकोलागिनगर पदपूर्ति समितिमार्फत पदपूर्ति गर्ने ।

(घ) गाउँपालिकाको सँगठनतथाव्यवस्थापन ( O&M) सर्भेक्षणनहुँदासम्मनियमितएम्बुलेन्स सँचालनकोलागिजनशक्तितथाअन्यआबश्यकव्यवस्थामिलाउने ।

४) एम्बुलेन्स जनशक्तिको दरवन्दीः (१) एम्बुलेन्सबाटगुणस्तरीय सेवा सँचालनकोलागि देहायबँमोजिम दरवन्दी रहनेछ ।

क) हलुका सवारीचालक विविध १ वटा ।

ख) स्वास्थ्यकर्मी सहायकचौथो १ वटा ।

ग) परिचालक,श्रेणीविहिन, १ वटा ।

(२) हलुका सवारी चालकको योग्यता : देहायको योग्यताहुनु पर्ने छ ।

क) नेपालीनागरिक ।

ख) रीतपूर्वक सवारी चालकप्रमाणपत्रलिएको ।

ग) कम्तिमा ५ वर्षको अनुभव ।

घ) २५ वर्षउमेर पूरा भएको ४० वर्ष ननाघेको ।

ङ) ५ कक्षाउत्तिण गरेको ।

च) शारीकितन्दुरुस्त/निरोगी ।

(३) स्वास्थ्यकर्मीको योग्यता : देहायको योग्यताहुनु पर्नेछ ।

क) नेपालीनागरिक ।

ख) १८ वर्ष उमेर पूरा भएको ४० वर्ष ननाघेको ।

ग) मान्यताप्राप्तशिक्षण सस्थाबाट अ.हे.व.। अ.न.मीकोर्ष उत्तिर्ण गरेको ।

घ) नेपाल स्वास्थ्यव्यवसायी परिषदमादर्ता । नविकरणभएको ।

ङ) शारीकितन्दुरुस्त/ निरोगी ।

४) परिचालकको योग्यता : देहायको योग्यताहुनु पर्नेछ ।

क) नेपालीनागरिक ।

ख) आधारभूतविधालयबाट ५ कक्षाउत्तिण गरेको ।

ग) १८वर्ष उमेर पूरा भएको ३५ वर्ष ननाघेको ।

घ) शारीकितन्दुरुस्त/निरोगी।

५) उपदफा (२),(३)र (४)बँमोजिमको पदहरुको पदपूर्ति देहायवँमोजिमकुनैपनिएक आधारमा सेवा करार मागरिनेछ ।

कं)लिखितवाअन्तरवार्ता ।

ख) सोझै वार्ता द्धारा ।

६) उपदफा (२),(३)र (४)बँमोजिमको पदहरुको सेवा र सुविधादुबै पक्षको करार सँझौताअनुसार हुनेछ । तर सँघ र प्रदेश सरकारद्धारा समान पद र तहलाई तोकिएको सुविधाभन्दाबढीहुनेगरी सम्झौतागरिने छैन ।

५) आयव्ययको अभिलेख : (१) एम्बुलेन्सबाट प्राप्त भाडाको आय गाउपालिकाको सँचितकोषमा जम्मा गरिनेछ ।

(२) एम्बुलेन्स जनशक्तिको पारिश्रमिक तथा मर्मत सम्भार ,इन्धन तथा अन्य खर्च गाउँपालिका सभाले पारित गरेको विनियोजन ऐन बँमोजिमहुनेछ ।

६) यसमाउल्लेख नभएको विषयमा : एम्बुलेन्स सेवा सँचालननिर्देशिका २०७३ र एम्बुलेन्स सेवा सँचालन नियमावली बमोजिमहुने छ ।

आज्ञाले
बाबुराम नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७६।०३।३०